Sanima Bank
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं. २०८२।८३।वि.एस.।२०                    मिति : २०८२।०७।२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई, शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ

विषय: २१औँ वार्षिक साधारणसभाको निर्णय (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस बैंकको २०८२ कार्तिक २ (अक्टोबर १९, २०२५) गते आइतबारका दिन आम्रपाली बैङ्क्वेट, भाटभटेनी, काठमाडौँमा सम्पन्न २१औँ वार्षिक साधारण सभाको निर्णय (माइन्युट) तँहाको जानकारीको लागि यसै साथ पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

भवदीय

रूद्रप्रसाद बन्जरा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

१. श्री नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपुर ।

२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड
शेयर मार्केट्सप्लाजा, पुतलीसडक, काठमाण्डौ ।

## सानिमा बैंक लिमिटेडको
## २१औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट)

यस बैंकका संचालक समितिका अध्यक्ष श्री तुकप्रसाद पौडेलको अध्यक्षतामा बि.सं.२०८२ साल कार्तिक २ गते (अक्टोबर १९, २०२५) आइतबार बिहान १०:०० बजे देखि अपरान्ह १:३० बजेसम्म आम्रपाली बैङक्वेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न भएको २१औं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सन्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री तुकप्रसाद पौडेल | - अध्यक्ष |
| २. | श्रीमती गायत्री थापा | - संचालक |
| ३. | डा.केशवप्रसाद आचार्य | - संचालक |
| ४. | श्री रमेश कुमार पोखरेल | - संचालक |
| ५. | श्री आशुतोष उपाध्याय | - संचालक |

संचालक श्री लक्ष्मीप्रपन्न निरौला आफ्नो काम विशेषले नेपाल बाहिर रहनु भएकाले सभामा अनुपस्थित रहनु भयो ।

**ख. अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री निश्चलराज पाण्डे | - प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पवन कुमार आचार्य | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री विभोर झा | - प्रमुख वित्तीय अधिकृत |
| ४. | श्री टंकमणि बराल | - प्रमुख कार्यकारी अधिकृत, सानिमा क्यापिटल लिमिटेड |
| ५. | श्री रूद्रप्रसाद बन्जरा | - कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री शशि सत्याल | - पि.के.एफ.टि.आर.उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स् |
| २. | श्री गायत्र श्रेष्ठ | - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

२. छलफलका विषयहरु :

क. सामान्य प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको २१औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८२ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ७.३६८५ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

६. संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्तावहरु :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.१००।-का दरले रू.२,००,००,००,०००।-(दुई अर्ब रुपैया) बराबरको **"८.२५ प्रतिशत सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर"** (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्ने ।

२. बैंकको अधिकृत पूँजी रू.२० अर्बलाई वृद्धि गरी रू.२२ अर्ब पुऱ्याउने । अग्राधिकार शेयर जारी गरे पश्चात् सोहि हदसम्म बैंकको जारी तथा चुक्ता पूँजी वृद्धी गर्ने र बैंकको प्रवन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने ।

३. अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार तथा सोही बमोजिम प्रबन्धपत्र/नियमावलीमा समेत आवश्यक संशोधन गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध :

३. **सूचना प्रकाशन :**

यस बैंकको संचालक समितिको मिति: २०८२ साल आश्विन १० गते बसेको ६७७ औं बैठकको निर्णयानुसार बैंकको २१औं वार्षिक साधारणसभाको सूचना मिति: २०८२ आश्विन ११ र २५ गते "राजधानी" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी शेयरधनीहरूलाई सभाबारे जानकारी गराइएको थियो । यसका साथै बैंकको वेवसाइटबाट समेत जानकारी लिन सक्ने व्यवस्था गरिएको थियो ।

४. **गणपूरक संख्या (शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत) :**

| विवरण | कूल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | ८५ | ६९,२८२,२५१.२३ | २४ | १० | ३४ | ६,७६,५१,०१५ | ४९.८१ |
| सर्वसाधारण शेयरधनी | ६८५१२ | ६६,५३३,००२.९१ | ४३८ | १० | ४४८ | ७७,०४,३४०.६८ | ५.६७ |
| जम्मा | ६८,५९७ | १३५,८१५,२५४.१४ | ४६२ | २० | ४८२ | ७,५३,५५,३५५.६८ | ५५.४८ |

संस्थापक समूहतर्फ भौतिक रुपमा उपस्थित २४ जनाको ४,१९,२२,८०१ कित्ता, प्रोक्सी मार्फत १० जनाको २,५७,२८,२१४ कित्ता तथा सर्वसाधारण समूह तर्फ भौतिक रुपमा उपस्थित ४३८ जनाको ४१,४८,८१५.६८ कित्ता, प्रोक्सी मार्फत १० जनाको ३५,५५,५२५ कित्ता ।

५. **सभाको बैधानिकता तथा सभापतित्व :**

कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५५.४८ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

६. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :**

मिति २०८२।०६।१० गते बसेको संचालक समितिको ६७७औं बैठकको निर्णयानुसार प्रस्ताव गरिए अनुसार २१औं वार्षिक साधारणसभामा छलफलको लागि उल्लिखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेलले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन, वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण तथा सहायक कम्पनीहरु सहितको एकीकृत वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो । सभाका अध्यक्षज्यूले आजको साधारणसभामा विशेष प्रस्तावका रुपमा पेश गरेको **"सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर (Sanima Perpetual Non-cumulative Preference Shares)"** जारी गर्नुको उद्देश्यका बारेमा समेत जानकारी गराउनु भयो ।

७. **सभामा मन्तव्य राख्नु भएका शेयरधनी महानुभावहरु :**

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु मध्ये श्री जगन्नाथ आचार्य, श्री कुबेरमान श्रेष्ठ, श्री उत्तमदत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री बैजुनाथप्रसाद रौनियार, श्री उद्धवप्रसाद घिमिरे, श्री गोविन्‍ बहादुर के.सी., श्री इन्द्रप्रसाद लामिछाने, श्री चन्द्रनारायण श्रेष्ठ, श्री ध्रुवराज न्यौपाने, श्री भक्ति प्रसाद उप्रेती, श्री रोज कुमार श्रेष्ठ, श्री ब्यासकुमार शर्मा, श्री निरुपमा गुप्ता, श्री गुणराज भट्ट, श्री उत्तम पाठक, श्री रामगोपाल महर्जन, श्री महेन्द्रबहादुर श्रेष्ठ, श्री लक्ष्मणबहादुर श्रेष्ठ, श्री भेषराज भण्डारी र श्री लवराज जोशीले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्दै बैंकले आगामी दिनमा न्युनतम दोहोरो अंकमा लाभांश (Dividend) दिन सक्षम हुनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

८. **शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाबहरु उपर अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तरको मुख्य-मुख्य अंशहरु :**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री तुकप्रसाद पौडेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री निश्चलराज पाण्डेले प्रष्ट पार्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने ब्यहोरा समेत सभा समक्ष राख्नु भयो ।

९. **सभामा भएका छलफल तथा निर्णयहरुः**

क. **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको २१औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने :**

आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको २१औं वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने :**

बाह्य लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनीहरु सानिमा क्यापिटल लिमिटेड र सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने :**

यस बैंकको सहायक कम्पनीहरुः श्री सानिमा क्यापिटल लिमिटेड र श्री सानिमा सेक्युरिटिज लिमिटेडको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरणहरु छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :**

यस बैंकको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा लेखापरीक्षण समितिबाट लेखापरीक्षकहरुः SAR Associates Chartered Accountants, BK Agrawal & Co. Chartered Accountants र G.P Rajbahak & Co. Chartered Accountants लाई बैंकको लेखापरीक्षक नियुक्ती सम्बन्धि नीति अनुसार प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी तीन जना लेखापरीक्षको नाम छनौट गरी लेखापरीक्षक नियुक्ती गर्न सिफारिस गरेको । सिफारिस गरिएका मध्ये लेखापरीक्षक SAR Associates Chartered Accountants ले पेश गरेको रकम सबैभन्दा कम हुनुका साथै कार्य अनुभव, कार्यसम्पादन एवं क्षमताको आधारमा अन्य भन्दा योग्य रहेको देखिएको हुँदा SAR Associates Chartered Accountants, काठमाण्डौंलाई चालू आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकमा नियुक्ती गरी निम्नानुसार पारिश्रमिक प्रदान गर्न सर्वसम्मतिबाट पारित गरियो ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

पारिश्रमिक :

लेखापरीक्षण (Statutory Audit, Tax Audit, Long form Audit Report) लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) गरे बापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रू.३०,००,०००।- (तिस लाख) मात्र उपलब्ध गराउने ।

५. **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८२ साल आषाढ मसान्तमा कायम रहेको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ७.३६८५ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने :**

२१औं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि (वि.सं.२०८२/०६/२६) गते सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजी रू.१३,५८,१५,२५,४१४।३३ को ७.३६८५ प्रतिशतका दरले हुने रू.१,००,०७,५४,७००।१५ (एक अर्ब सात लाख चौवन्न हजार सातसय रुपैया पन्ध्र पैसा मात्र) (लाभांस कर समेत) नगद लाभांश वितरण गर्न सर्वसम्मतिबाट पारित गरियो ।

६. **संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने :**

यस बैंकको संस्थापक समूह (समूह "क") का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तपसीलमा उल्लेखित ३ (तीन) जना संस्थापक शेयरधनीहरु आगामी ४ (चार) वर्षका लागि संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्रीमती आकृती कटुवालले सभा समक्ष घोषणा गर्नु भयो ।

तपसील :

१. श्री तुकप्रसाद पौडेल
२. श्री बलराम पराजुली
३. श्रीमती निशा कुम्पाख

(ख) विशेष प्रस्तावहरु :

१. **संचालक समितिले प्रस्ताव गरे बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.१००।-का दरले रू.२,००,००,००,०००।-(दुई अर्ब रुपैया) बराबरको "८.२५ प्रतिशत सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर" (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्ने :**



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको व्यवसाय विस्तारको लागि देहायका व्यवस्था तथा अन्य शर्तहरु सहित नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही तोकिएको अन्य व्यवस्था तथा शर्तहरु सहित रू.२,००,००,००,०००।-(दुई अर्ब रुपैया) बराबरको रू.१००।-अंकित दरका २,००,००,००० कित्ता **"८.२५% सानिमा अबिमोच्य असञ्चिति अग्राधिकार शेयर"** (8.25% Sanima Perpetual Non-cumulative Preference Shares) सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्न सर्वसम्मतिबाट पारित गरियो ।

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| उपकरणको नाम | सानिमा ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर-II । |
| उपकरणको प्रकृति | अविमोच्य असञ्चिति अग्राधिकार शेयर । |
| अग्राधिकार शेयर पूँजी | रू. २ अर्ब |
| प्रति शेयर अकिंत मूल्य र जारी गर्ने मूल्य | रू.१०० |
| अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने संख्या | २,००,००,००० |
| अवधि | अविमोच्य (Perpetual) । |
| लाभांश सञ्चिति/असञ्चिति हुने | असञ्चिति हुने ।<br>यदि कुनै वर्षमा बैंकको वितरणयोग्य मुनाफा पर्याप्त नभएको कारणले अग्राधिकार शेयरको नगद लाभांश वितरण नगरेमा वा कम वितरण गरेमा र पछिल्ला आर्थिक वर्षहरुमा वितरणयोग्य मुनाफा भएमा वा आवश्यक नियामकीय पूँजी अनुपात कायम भएमा पनि अपुग रकम वितरण/भुक्तानी नहुने । |
| फिर्ता हुने/नहुने | नहुने । |
| सुरक्षित/असुरक्षित | असुरक्षित । |
| लभांशको दर/लाभांश भुक्तानीको प्रक्रिया | १. ८.२५ प्रतिशत वार्षिक नगद लाभांश (सम्बन्धित आर्थिक वर्षमा वितरणयोग्य मुनाफा उपलब्ध भएको खण्डमा मात्र)<br>२. बुँदा (क) बमोजिमको वितरण योग्य मुनाफा भन्नाले सम्पूर्ण नाफा नोक्सान हिसाबको नियामकीय बाँडफाँड तथा पुरक पूँजीमा गणना हुने उपकरणको लागि आवश्यक कोषको |



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

| | |
|---|---|
| | बाँडफाँड पछिको बाँकी रकम हुनेछ ।<br>३. अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश बैंकको सञ्चित मुनाफा वा अन्य कुनै कोषबाट वितरण हुने छैन ।<br>४. यदि बुँदा (क) बमोजिमको वितरणयोग्य मुनाफा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश रकम भन्दा कम भएमा उपलब्ध वितरणयोग्य मुनाफा रकम सम्म समानुपातिक रुपमा वितरण गरिने छ ।<br>५. वार्षिक साधारणसभा भन्दा अगावै साधारण शेयरधनीको जस्तै अग्राधिकार शेयरधनी दर्ता किताब बन्द हुने (शेयरधनी दर्ता किताब बन्द हुने दिन सम्म अद्यावधिक भई कायम रहेका अग्राधिकार शेयरधनी नगद लाभांशको लागि योग्य हुने) ।<br>६. वार्षिक रुपमा साधारण सभाले स्वीकृत गरे पश्चात् लाभांश भुक्तानी हुने ।<br>७. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भएको पहिलो वर्षमा शेयर बाँडफाँड भएको मितिदेखि उक्त आर्थिक वर्षमा बाँकी रहेको अवधिको अनुपातको आधारमा नगद लाभांश वितरण हुने ।<br>८. कुनै आर्थिक वर्षको बीचमा कुनै अवधिमा तोकिएको अनुपातमा न्युनतम पूँजीकोष कायम गर्न नसकेको भएतापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्युनतम पूँजीकोष कायम भएको आधारमा पनि नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नगद लाभांश घोषणा/वितरण हुन सक्ने । |
| अन्तरिम लाभांश | लागु नहुने । |
| लक्षित लगानीकर्ता | संस्थागत लगानीकर्ता मात्र । |
| साधारण शेयरमा परिणत हुने/नहुने | परिणत नहुने । तर तोकिएको ट्रिगर बिन्दुमा पुगेको अवस्थामा नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि संस्थापक समुहको साधारण शेयरमा परिणत हुन सक्ने । |



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

| | |
|---|---|
| यदि साधारण शेयर प्राथमिक पूँजी (CET 1 Capital), कूल जोखिम भारीत सम्पतिको ५.१२५ प्रतिशत भन्दा कम भएमा (ट्रिगर बिन्दुमा पुगेको अवस्था) नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि साधारण शेयरमा परिणत हुन सक्ने । | १. संस्थापक समुहको साधारण शेयरमा परिणत हुने ।<br>२. परिणत हुने अनुपातः परिणत हुने समयको बैंकको संस्थापक समूहको साधारण शेयरको प्रचलित बजारमुल्य र अग्राधिकार शेयरको अकिंत मुल्यको अनुपातमा हुने । (जस्तै परिणत हुने समयमा बैंकको संस्थापक समुहको साधारण शेयरको प्रति शेयर बजारमुल्य रू.२०० रहेछ भने परिवर्तित अनुपात १ अग्राधिकार शेयर बराबर ०.५ संस्थापक समूहको साधारण शेयर हुने) ।<br>३. यस्तो परिणत नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति पश्चात् मात्र हुने । |
| दामासाही वा खारेजी अवस्थामा भुक्तानीमा अग्राधिकार | बैंकको दामासाही वा खारेजी अवस्थामा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको भुक्तानी साधारण शेयर भन्दा अगाडि तर पुरक पूँजीमा समावेश भएका नियामकीय पूँजी उपकरणहरु, निक्षेपकर्ता एवं अन्य साधारण साहुभन्दा पछि मात्र हुने । |
| मताधिकार | नहुने । |
| सूचीकरण | १. अविमोच्य असञ्चिति अग्राधिकार शेयर सम्बन्धित नियामकीय निकायको स्वीकृति पश्चात् स्टक एक्सचेञ्जमा सूचीकृत हुनेछ ।<br>२. अविमोच्य असञ्चिति अग्राधिकार शेयरको कारोबार संस्थागत लगानिकर्तामा मात्र सिमित हुनेछ ।<br>३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर सर्वसाधारण लगानीकर्ता, नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले खरिद बिक्री गर्न सक्ने छैन । |
| जोखिम उद्घोषण विवरण (Risk Disclosure Statement) | १. सम्भावित लगानीकर्तालाई यस प्रकारको शेयरमा निहित जोखिम तथा ट्रिगर बिन्दुमा पुगे पश्चात् हुन सक्ने अपेक्षित परिणाम समावेश भएको जोखिम उद्घोषण विवरण प्रदान गरिनेछ । |



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

| | |
|---|---|
| | २. जोखिम उद्घोषण विवरण प्राप्त गरेको तथा सो विवरणको बारेमा पूर्ण जानकार रहेको सम्बन्धमा सम्पूर्ण लगानीकर्ताबाट लिखित सहमति लिइनेछ । |

२. **बैंकको अधिकृत पूँजी रू.२० अर्बलाई वृद्धी गरी रू.२२ अर्ब पुऱ्याउने । अग्राधिकार शेयर जारी गरे पश्चात् सोहि हदसम्म बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र बैंकको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने :**

बैंकले अग्राधिकार शेयर जारी गर्न लागेको हुँदा बैंकको हाल कायम रहेको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो ।

**दफा ५(क)** : बैंकको अधिकृत पूँजी रू.२२,००,००,००,०००।-(अक्षरेपि बाईस अर्ब मात्र) हुनेछ । उक्त पूँजीलाई रू.१००।- दरका १८,००,००,००० थान साधारण शेयर र ४,००,००,००० थान अग्राधिकार शेयरमा विभाजन गरिनेछ ।

**दफा ५(ख)** : बैंकको जारी पूँजी रू.१७,५८,१५,२५,४१४।३३ (अक्षरेपी सत्र अर्ब अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चार सय चौध र पैसा तेत्तिस मात्र) हुनेछ । सो पूँजीलाई रू.१००।- दरका १३,५८,१५,२५४.१४ (तेह्र करोड अन्ठावन्न लाख पन्ध्र हजार दुई सय चवन्न दशमलव चौध मात्र) थान साधारण शेयरमा र ४,००,००,००० (चार करोड मात्र) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

**दफा ५(ग):** बैंकको चुक्ता पूँजी रू.१७,५८,१५,२५,४१४।३३ (अक्षरेपी सत्र अर्ब अन्ठावन्न करोड पन्ध्र लाख पच्चिस हजार चार सय चौध र पैसा तेत्तिस मात्र) हुनेछ । सो पूँजीलाई रू.१००।- दरका १३,५८,१५,२५४.१४ (तेह्र करोड अन्ठावन्न लाख पन्ध्र हजार दुई सय चवन्न दशमलव चौध मात्र) थान साधारण शेयरमा र ४,००,००,००० (चार करोड मात्र) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

३. **बैंकको प्रबन्धपत्र/नियमावलीमा अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार समेतका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने :**



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

बैंकको प्रबन्धपत्र/नियमावलीमा अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरुको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै फेरबदल, शर्तहरु लगायतमा संशोधन फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषा लगायत अन्य सुधार समेतका लागि संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारी/व्यक्तिले गर्न सक्ने गरी सम्पूर्ण अख्तियारी दिन सर्बसम्मतिबाट पारित गरियो ।

**ग. विविध :**

विविध बिषय अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**१०. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

शेयरधनी महानुभावहरुको सक्रिय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा नियामक निकायहरु, संचालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षक, सरोकारवाला निकाय, यस बैंकका कर्मचारी वर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले २१औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

**रूद्रप्रसाद बन्जरा**
**कम्पनी सचिव**

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

**तुकप्रसाद पौडेल**
**अध्यक्ष**

मिति : २०८२।०७।०२